यस जिल्लामा गृष्म ऋतु लामो भै करिव आठ महिना जति गृष्मकालिन हावापानीका विशेषताहरू महसुस हुने गर्दछ। यस सिजनमा पहाडी क्षेत्र न्यानो र होचो भागमा गर्मी अनुभव हुने यो जिल्लामा गृष्मकालिन तापक्रम २५० देखि ३०० सेल्सियस सम्म औषत र होचो भागमा ३०० सेल्सियस भन्दा बढि तापक्रम पुग्दछ। मनसूनपूर्व हुरी वतासको प्रकोप पनि यस जिल्लामा पाउन सकिन्छ। औषत वर्षाको झण्डै ८२ प्रतिशतभन्दा वढि वर्षा यहि ऋतुमा हुन्छ। यहाँ सालाखाला १५० सेन्टिमिटर देखि २०० सेन्टिमिटर सम्म वर्षा हुन्छ। गृष्म तापक्रम र सापेक्षिक आद्रता दुवै वढि हुन्छ।

सुर्खेत जिल्लालाई हावापानीको मूलत निम्न चार किसिममा विभाजन गर्न सकिन्छ।

क. गर्मी सुख्खा उपोष्ण हावापानी (Hot, Dry Subtropical Climate)

यो हावापानी ४०० मिटरदेखि ६०० मिटरसम्मको उचाईमा पर्ने साविकका वावियाचौर, विद्यापुर, बेतान, गुटु, दशरथपुर आदि होचो भागमा पाइन्छ। जहाँ औषत तापक्रम बढि र वर्षा कम हुन्छ।

ख. न्यानो सुख्खा उपोष्ण हावापानी (Warm, Dry Subtropical Climate)

यस प्रकारको हावापानी ६०० मिटरदेखि १२०० मिटरसम्मको उचाईमा पर्ने सुर्खेत उपत्यका, भेरी नदीले बनाएको उपत्यका तथा मन्द ढालयुक्त पहाडी क्षेत्रमा पाईन्छ। जहाँ तापक्रम उच्च नै हुन्छ। वर्षा पनि औषतमा १०० सेन्टिमिटर भन्दा वढि नै हुन्छ।

ग. न्यानो आद्र शीतोष्ण हावापानी (Warm, Moist Temperate Climate)

१२०० मिटर देखि १५०० मिटरसम्मको उचाई भएको चुरीया श्रृङ्खला, पहाडी भेग तथा होचो महाभारत श्रृङ्खलामा पर्ने कटकुवा, सिरूपाटा आदि जस्ता भेगमा यस किसिमको हावापानी पाईन्छ। यस्तो हावापानीमा औषत तापक्रम वर्षभरी १०० देखी २०० सेल्सियस सम्म रहन्छ। वर्षा १५० सेन्टिमिटर सम्म हुने भई सुर्खेतको सवैभन्दा बढि वर्षा हुने क्षेत्रका रूपमा यो रहेको छ। जहाँ उच्च पहाडी श्रृङ्खला तथा लेकहरू नजिक हुनु र घना जङ्गली भेगले वर्षा प्राप्तिका लागि अनुकुलता प्रदान गरेको हुन्छ। अपवादको रूपमा सुर्खेतको जिल्लाको सवैभन्दा वढि पानी पर्ने ठाँउ सहारे र मालारानी मानिन्छ।

घ. चिसो आद्र शीतोष्ण हावापानी (Cool, Moist Temperate Climate)

यो हावापानी सुर्खेत जिल्लाको १५०० मिटर देखि उच्च क्षेत्रमा फैलिएका रानीमत्ता, मटेला, मालारानी, गुमीचुला, पश्चिमको पञ्चकोशी जस्ता महाभारत भेगमा पाईन्छ। जहाँ वर्षभरि नै तापक्रम न्यून रहन्छ। अधिक चिसो भै ओसिलोपन बढि भइरहन्छ। १५० सेल्सियस भन्दा कम तापक्रम औषत रूपमा पाईने भई कहिले काहि हिमपातको अवस्था पनि सृजना हुन्छ र अक्सर हिउँदको समयमा सेतो तुषारो पर्दछ।

तालिका नं. १.३ सुर्खेत जिल्लाको सन् २०१६ को तापक्रम र वर्षाको अवस्था

महिना	अधिकतम तापक्रम		औषत अधिकतम तापक्रम (डि.से.)	न्यनतम तापक्रम		औषत न्यूनतम तापक्रम (डि.से.)	कुल वर्षा मि.मि.	अधिकतम वर्षा	
	डि.से.	गते		डि.से.	गते			मि.मि.	गते
January	२८	२४	२१.५	२.४	१९	६.३	५७.२	४२	३
February	२८	२४	२४.७	३.४	१	८.५	१५.१	६.५	२६
March	३३	२७	२६.८	७.६	५	१२.४	१४६	५६	३
April	३६	२१	३०	११	५	१५.५	५१.७	२५	२८
May	४०	३०	३६	१४	३	२०	२२.५	१२	१२
June	४०.२	८	३५.२	१७.५	१	२२.७	१७४.३	१३०.२	२७
July	३४.४	१४	३१.२	२२.०	१०	२३.१	७९८.०	४८.८	५
August	३४.४	१०	३१.२	२२.०	२	२३.१	१९५.६	४६.२	२१
September	३५.०	१९	३३.०	१९.०	२५	२१.५	११३.५	७.५	४
October	३४.२	१	३०.६	११.२	२८	१५.८	३४.०	३.४	१२
November	२९.५	१	२६.९	८.२	६	१०.६	०.०	०.०	-
December	२७.०	१	२२.४	१.५	२३	५.६	०.०	०.०	-

स्रोत : मध्य तथा सुदुर पश्चिमाचल क्षेत्रिय हावापानी कार्यालय सुर्खेत २०७३।७४।

१.७ प्रमूख प्राकृतिक सम्पदाहरू

क. वन जङ्गल

कुल क्षेत्रफलको करिब ७१ देखि ७२ प्रतिशत सम्म जङ्गल रहेको यस सुर्खेत जिल्ला चारकोशे झाडिको उत्तरतर्फ रहेको र सम्भवत: आवादि धेरैपछि हुनु र जनघनत्व पनि कम हुनुको कारणले गर्दा पनि यस जिल्लाको क्षेत्रफलको ठुलो हिस्सा वन जङ्गल रहेको देखिन्छ। यहाँको जङ्गलमा साल, सिसौ, साज, सल्लो, जामुनो, हर्रो, वर्रो, खयर आदि विभिन्न जातका रूख, विरूवाहरू, काँडादार विरूवा, लहरा पात र विभिन्न किसिमका रूख विरूवाका झाडिहरू पाईन्छन्। सुर्खेत जिल्लाको दक्षिणी भागमा खर, बावियो र उत्तरी भेगमा अल्लो (चाल्ने सिस्नो) पनि पाईन्छ। लेकमा वाँझ, रइँच, गुराँस, काफल, मेल, आप, तिजु, चिउरी, कटुस, खिर्रो आदि जातका रूख विरूवा र विभिन्न जातका जडिबुटिहरू पनि पाईन्छन्। यहाँको जङ्गलमा बाघ, भालु, बदेल, मृग, चितुवा, जरायो, खरायो, कछुवा, जस्ता जङ्गली जनावरहरू र मयूर, कालिज, मैना, सुगा, तित्रा, ढुकुर, सारूङ्ग, हुटिच्याङ, ढोडेकानो आदि जातका विभिन्न चराचुरूङ्गीहरू पनि पाईन्छन्।

तालिका नं. १.४ सुर्खेत जिल्लाको वनजङ्गल सम्बन्धी विवरण

(तालिका अर्को पेजमा)

तालिका नं. १.४ सुर्खेत जिल्लाको वनजङ्गल सम्बन्धी विवरण

क्र.सं.	वनको किसिम	सङ्ख्या	क्षेत्रफल (हेक्टर)	प्रतिशत
१	संरक्षीत वन	१	१७५.५०	०.१०
२	सामुदायिक वन	४२५	७७,९४३.५७	४३.८२
३	निजी वन	५१	२४.३८	०.०१
४	धार्मिक वन	३	२२.५०	०.०१
५	राष्ट्रिय वन	-	९९,७१३.०७	५६.०६
	जिल्लाको कुल वन	-	१,७७,८७९.०२	१००.००

स्रोत : जिल्ला वन कार्यालय, सुर्खेत, २०७४।

ख. खनिज स्रोत

सुर्खेत जिल्लामा तामा, फलाम , गन्धक, चुनढुङ्गा जस्ता खानीको सम्भावना भएपनि उत्खनन् भई व्यवसायिक रूपले उपयोग भएको छैन । नेपालको सबैभन्दा ठुलो क्षमताको सिमेण्ट उद्योगको यस जिल्लाको चौकुनेमा सम्भाव्यता देखियतापनि सो उद्योगको स्थापना तर्फ कार्यवाहि अगाडि वढेको छैन। सुर्खेत जिल्लामा सम्भाव्यता रहेका केहि प्रमूख खनिज स्रोतहरूको विवरण यस प्रकार रहेको छ।

तालिका नं. १.५ सुर्खेत जिल्लामा रहेका खनिज स्रोतहरू

क्र.सं.	खनिज साधनको नाम	पाइने स्थान	कैफियत
१	ढुङ्गा तथा रोडा	जिल्लाभर	
२	छाना छाउने स्लेट	छाप्रे, लेखगाँउ, मटेला	
३	भाँडा वर्तन बनाउने माटो	उत्तरगङ्गा, लाटिकोईली	
४	वालुवा	झुप्रा, भेरी, सोतखोला, गमखोला, ईत्राम खोला, छिन्चु खोला	
५	चुनढुङ्गा	गुटु, विद्यापुर, छाप्रे, पोखरीकाँडा	
६	खानीढुङ्गा	जिल्लाभर	
७	चुनढुङ्गा विशेष	चौकुने	
८	कोइला	बेतान, विजौरा, गुटु, मटेला, रानीबास, घोरेटा	सम्भावित
९	सुनखानी	बावियाचौर, तातापानी, घाटगाँउ, भेरी किनार	सम्भावित

स्रोत : वार्षिक प्रतिवदेन २०७२/७३, जिल्ला वन कार्यालय, सुर्खेत।

ग. जल सम्पदा

यस जिल्लामा नदी भन्दा पनि खोलाहरू प्रशस्त पाइएता पनि कर्णाली, भेरी र बबई नदीहरू यस जिल्लाको भू-भाग भएर बग्ने

गर्दछन्। यस जिल्लाको प्रमूख नदी भेरी नदी नै हो। बबई, भेरी र कर्णाली नदीले घेरिएको यस जिल्लामा साना ठुला नदि तथा खोला नालाहरू गरि ४० भन्दा बढिको सङ्ख्यामा रहेका छन्। केहि मूख्य नदी तथा खोलाहरू यस प्रकार रहेका छन्।

तालिका नं. १.६ सुर्खेत जिल्ला प्रमूख नदी तथा खोलानालाहरूको विवरण

क्र.सं.	नदी/खोलाको नाम	विवरण
१	झुप्रा खोला	रतु, गर्पन, जर्बुटा, गाविसका उत्तरी महाभारत श्रृङ्खलाबाट उद्गम भई वीरेन्द्रनगर उपत्यकाको केहि पुर्वी भाग र चिङ्गाड खोलाको केहि पश्चिम भागबाट बग्दै भेरी नदीमा मिसिने झुप्रा खोला सुर्खेतको प्रमूख खोलाको रूपमा नै गणना गरिन्छ। हाल सुर्खेत उपत्यकाबासिहरूको धाराको पानीको मूख्य स्रोतको रूपमा यो खोला रहेको छ भने यसै खोलाले बनाएका खोला किनारका समथर मैदानी किनारहरूमा आवाद भएको खेतवारीमा यस खोलाबाट सिंचाई गर्ने गरिन्छ। वि.स. २०५१/५२ सालतिर यस खोलाबाट सानो जलविद्युत योजना सञ्चालन गरि साटाखानी, जर्बुटा र वीरेन्द्रनगरका केहि ठाँउहरूमा विद्युत वितरण समेत गरिएको थियो तर हाल सो विद्युत पावर हाउसको अस्थिपञ्चर मात्र रहेको छ। सदरमुकाम वीरेन्द्रनगरको निर्माण कार्यका लागि आवश्यक पर्ने वालुवा, ढुङ्गाको एउटा महत्वपुर्ण स्रोतको रूपमा यो खोला रहेको छ। यसका साथै माछा मार्ने, बालुवा चाल्ने, ढुङ्गा तथा गिट्टी फुटाउने जस्ता काममा यो खोलो प्रयोगमा आएको छ।
२	सिम्ता खोला	सुर्खेत जिल्लाको पूर्व उत्तरमा पर्ने सिम्तादहको माझबाट पश्चिमदेखि पूर्व हुदै राकम बादेपिपलमा गई भेरी नदीमा मिसिने सिम्ता खोलाको उद्गम स्थल च्यारकुलेको पूर्वी भाग, खानीखोला र काफलकोट हो। यस खोलाको दुवै किनारमा रहेका खेतवारीमा सिंचाई गर्ने, घट्टहरू चलाउने काममा यसको पानी प्रयोग भएको छ। वर्षातको समयमा उत्तर दक्षिणी पानीढलबाट बगेर आउने वर्षाको भल यसैमा मिसिने भएकाले कहिलेकाहि खेतवारीलाई माटो कटान गरी हानी पनि पुऱ्याउदै आएको छ।
३	खहरे खोला	गुमी र लेखफर्साको उत्तरी भेगबाट दक्षिणतर्फ बग्दै भेरी नदीमा मिसिने खहरे खोला यी दुवै गाँउविकास समितिका लागि ज्यादै उपयोगी मानिन्छ। हिउँद र खडेरीमा र्‍याउके क्षेत्रमा मात्र पानी देख्न पाइने यस खोलामा दुवै तर्फ धेरै सिंचाई कुलाहरू बनाइएका छन्। यसै खोलाबाट लेखफर्सामा खानेपानी योजना पनि सञ्चालन गरिएको थियो। बालुवा , ढुङ्गाको प्रयोग र माछा मार्ने कार्य समेत त्यस क्षेत्रका मानिसहरूले यसै खोलाबाट गर्दछन्।
४	रातेखोला	लेखफर्सा गाँउ विकास समितिको उच्च मध्यभाग वा दक्षिणतिर वगेर आउने टोप्रे खोला र राते पहिराबाट निस्किएको पानी पनि भेरी नदीमा मिसिन्छ। अक्सर बर्षातको समयमा मात्र भेरी नदीमा पुग्ने यो खोलाले निकै धेरै जमिन कटान गरि खोलाको आकार निकै फराकिलो बनाएको छ। राते पहिराको मध्यभागबाट निस्कने पानी पहिराको माटो समेत लिएर वग्ने हुनाले यसको पानी बाह्रै महिना रातो हुन्छ। बालुवा र माटो मिश्रीत यस खोलाको पानी सिंचाईका लागि प्रयोग गर्दा पानीसँगै आउने बालुवाले खेतवारी तुरून्तै ढाकिदिने हुनाले यस बालुवा र ढुङ्गा झिक्ने काम यसै खोलाबाट गरिन्छ। यस खोलामा भएका ढुङ्गाहरू सुनौला धातुका कणहरू, फलाम जस्ता कडा पत्थर र पानीमा समेत तेलिय पदार्थ तैरिने हुनाले धरातल भित्र खानी तथा खनिज पदार्थ भएको अनुमान लगाउन सकिन्छ।

क्र.सं.	नदी/खोलाको नाम	विवरण
५	गमखोला	फालीकोटको पूर्वी पानी ढल, मसेरी र पिते डाँडाको मध्यभाग र बेलखेत हुदै भेरी नदीमा मिसिन पुग्ने गमखोलो कल्याण र दशरथपुर गाँउविकास समितिका निमित्त निकै महत्वपूर्ण रहेको छ । दशरथपुर कृषि केन्द्र र कल्याणको खोल्टेपानी, बाघखोरमा समेत सिंचाई र खानेपानी यसै खोलाबाट लगिएको छ। रामघाट वजारमा यसै खोलाको मुहानबाट खानेपानी पुऱ्याइएको छ।
६	सोतखोला	गढि, लेखगाँउको उत्तरी पानी ढल, रानीमत्ताको दक्षिणी पानी ढल, दर्नाकोट, घोडाआँखे, थारी आदि क्षेत्रबाट बग्दै भेरी नदीमा मिसिने सोतखोला कुनाथरी र लेखगाँउ गाविसहरूका लागि ज्यादै महत्वपूर्ण बन्न गएको छ। यसैले बनाएका समथर फाँटहरूमा पानी सिंचाई र ढुङ्गा बालुवाको निमित्त यो ज्यादै उपयुक्त खोला हो।
७	चिङ्गाड खोला	सुर्खेत जिल्लाको पूर्वी भागमा रहेको झुप्रा खोला पूर्वपट्टि यो चिङ्गाड खोला बगेको छ। अवलचिङ्, पाम्का, मटेला, नेटा, साटाखानीको मध्यभागबाट दक्षिणतर्फ बग्दै यो खोला पनि भेरी नदीमा मिसिन्छ । यो खोला जमिनको सतहभन्दा निकै गहिरिएर बगेकोले खोला किनारका केहि खेतवारीमा बाहेक अन्यत्र सिंचाईको लागि पानी प्रयोग गर्ने गरिएको छैन । यस खोलाबाट कल्याण, दशरथपुर, लेखफर्सा, गुमी, दहचौरसम्म पनि नहर निर्माण गरेको खण्डमा सिंचाई गर्न सकिन्छ भने पश्चिमतर्फ वीरेन्द्रनगरसम्म पनि यसै पानीबाट लाभान्वित हुन सक्छ । हाल यस खोलाको पानी प्रयोग विना नै भेरी नदीमा मिसिएको छ भन्नुमा कुनै फरक पर्दैन। यहाँ माछा मार्ने पनि गरिन्छ। हालको चिङ्गाड गाँउपालिकाको नाम यहि खोलाको नाममा राखीएको हो।
८	गुटु खोला	साविकका गुटु गाविसको पूर्व र विद्यापुर गाविसको पश्चिम उत्तरबाट दक्षिणतर्फ बग्दै गएको गुटु खोला पनि भेरी नदीमा मिसिन्छ । यो खोलामा पानी प्रशस्त भएर पनि खोला गहिरियर वगेको कारणबाट त्यति धेरै प्रयोगमा आउन सकेको छैन।
९	गोछे खोला	मालारानी गाँउ विकास समितिको पूर्वी भाग, कोटखोला, खरीगैरा, वेतेनी आदि गाँउ वरपरबाट पश्चिमतिर सहारे, मेहेलकुना हुदै भेरी नदीमा मिसिने गोछेखोला सुर्खेत जिल्लाका खोलाहरू मध्ये प्रयोग र पानीको क्षमता दृष्टिले सवैभन्दा महत्वपूर्ण मानिन्छ । यो खोला मेहलकुना र मैनतडाको वीचबाट भेरी नदीमा मिसिएकोछ। यसले खेतवारीमा सिंचाईको निमित्त मद्दत पुऱ्याएको छ भने यहाँ माछा मार्ने र पानी घट्ट चलाउने पनि गरिन्छ। यस खोलामा सबैभन्दा बढि झिङ्गे माछा पाइन्छन्।
१०	नेवारे खोला	वीरेन्द्रनगर उपत्यकाको पूर्वी भागमा रहेको यो खोलामा वर्षातको समयमा मात्रै पानी हुन्छ। साविकको जर्वुटा गाविस र वीरेन्द्रनगर नगरपालिकाको वीच भागबाट दक्षिणतर्फ बगेको यस खोलाबाट खानेपानी, ढुङ्गा, ग्रावेल आदि प्रयोग गर्ने गरिन्छ।
११	इत्राम खोला	वीरेन्द्रनगर उपत्यकाको मध्य तथा उत्तरी भेगमा रहेको सिद्धपाइला डाँडाको दक्षिणी पानीढलमा उद्गम भई दक्षिण लाटीकोइलीतिर बग्दै गरेको इत्राम खोला वीरेन्द्रनगर नगरपालिकाको निमित्त ज्यादै महत्त्वपूर्ण मानिन्छ । यसै खोलाबाट यहाँ खानेपानीका धाराहरू पनि वितरण गरिएको छन् र खेतवारी सिंचाईमा प्रयोग पनि गरिन्छ । सामान्यतः बाह्रै महिना जसो यस खोलाको कुलोबाट ल्याइएको पानीले इत्राममा तरकारी खेती गर्ने गरिन्छ र ढुङ्गा, रोडा र बालुवा पनि निकालने गरिन्छ।
१२	खोर्के खोला	सुर्खेत जिल्लाको पुराने सदरमुकाम गोठीकाँडाको दक्षिणी पानीढलबाट दक्षिणतिरै बग्दै गएको खोर्के खोला पनि इत्राम खोला जस्तै महत्वपूर्ण मानिन्छ। यस खोलाबाट भैरवस्थान (वीरेन्द्रनगर वार्ड नं. ४) मा खानेपानी र सिंचाईको लागि पानी लगिएको छ।

क्र.सं.	नदी/खोलाको नाम	विवरण
१३	गिरीघाट खोला	वीरेन्द्रनगर नगरपालिकाको पश्चिमबाट दक्षिण हुदै भेरी नदीको रानीघाटमा मिसिन पुग्ने गिरीघाट वर्षातको समयमा निकै डरलाग्दो हुन्छ। यस खोलाको पानी सिंचाई तथा अन्य प्रयोजनको लागि राम्रोसँग प्रयोग हुन सकेको छैन।
१४	विद्यापुर खोला	साविकको विद्यापुर गाँउविकास समितिको उत्तरी भेगबाट पश्चिम हुदै घुमेर भेरी नदीमा मिसिने विद्यापुर खोला गुटु खोला भन्दा केहि बढि सिंचाईमा प्रयोग भएको छ। यो खोलाको पानी प्रयोग गरि हाल विद्यापुर लघु जलविद्युत योजना सञ्चालन गरि जलविद्युत वितरण गरिएको छ।
१५	भेरी नदी	मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलको काञ्जीरोवा हिमाल र धवलागिरी अञ्चलको पश्चिम र राप्ती अञ्चलको उत्तरी भागमा पर्ने माइकोट, मुसीकोट, डोल्पाको दुनई झुपाल आदि विभिन्न खोलाहरू समाहित भएर बगेको पूर्वतर्फको सानी भेरी र पश्चिमतर्फको ठूली भेरीबाट बनेको भेरी नदी जाजरकोट पूर्व र रूकुम चौरजहारी पश्चिम, सुर्खेतको पूर्वीभागको पूर्व र सल्यानको पश्चिमबाट वोटेचौरसम्म दक्षिण बगेर पश्चिमतर्फ बगी कर्णाली नदीमा मिसिन पुग्दछ। सुर्खेत जिल्ला र भेरी अञ्चलकै सवैभन्दा ठुलो नदी यहि नै हो। भेरी नदिबाट यस अञ्चलको नामकरण गरिएको थियो। जमिनको सतहभन्दा निकै तह गहिरियर बगेको भेरी नदी सिंचाईको लागि प्रयोगमा आउन सकेको छैन। आर्थिक वर्ष २०६८/६९ देखि भेरी नदीको पानी बबई नदिमा मिसाउने उद्देश्यले भेरी-बबई डाईभर्सन आयोजना सञ्चालनमा आएको छ। भेरी नदीको ४० क्युवेक पानी सुरूङ मार्गबाट बबईमा मिसाएर बाँके र बर्दिया जिल्लाका ५१ हजार हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउने तथा ४८ मेघावाट विद्युत उत्पादन गर्ने उद्देश्यले भेरी बबई डाईभर्सन आयोजना सञ्चालन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ सम्म सो आयोजना सक्ने लक्ष्य लिईएको छ। साथै भेरी नदीको पानी प्रयोग गरि सुर्खेत उपत्यकाको खानेपानीको हाहाकार निराकरण गर्नका लागि खानेपानी आयोजना निर्माण गर्ने योजनाहरू पनि वनिरहेका छन्। भेरी नदीमा जल पर्यटन राफ्टिङ पनि वेला मौकामा हुने गर्दछ तर नियमित र व्यावसायिक भने हुन सकेको छैन।
१६	कर्णाली नदी	नेपाल अधिराज्यकै दोस्रो ठुलो नदी कर्णाली नेपालको सबैभन्दा लामो नदी मानिन्छ। मध्यपश्चिमाञ्चल विकास क्षेत्रको हुम्ला कर्णाली, मुगु कर्णाली, तिला नदी, सिंजा खोला आदि मिसिएर दक्षिणतर्फ बगेको यो नदी हिम नदी हो तर पनि यसको पानी घट्ने बढ्ने क्रम हुन्छ। यो नदी सुर्खेत जिल्लाको पोखरीकाँडाको लखरपाटा नजिकैको उत्तरी पानी ढलको फेदीमा आएर पश्चिमतर्फ बग्दै दैलेख सुर्खेत जिल्ला छुट्टाउदै अछाम र डोटी जिल्लाको पूर्वी भाग हुदै वोक्टान क्षेत्रमा पुग्दा सुदुरपश्चिमको सेती नदी पनि यसै नदीमा मिसिन पुग्दछ। सुर्खेत जिल्लाको पश्चिम दक्षिणबाट पूर्वतर्फ फर्कने यस नदीमा पूर्वतर्फबाट बगेर गएको भेरी नदी मिसियर दक्षिणतर्फ वग्दछ। यस नदिमा विद्युत उत्पादन गर्नेको लागि विभिन्न आयोजनाहरू सञ्चालनमा आएका छन्।
१७	टोलीखोला	यो खोला चुरेपर्वत श्रृङ्खलामा पर्ने हर्रेको चमेरे डाँडा क्षेत्रको उक्त पानीढलबाट उत्तरतर्फ छिन्चु गाविसको कालीदमार हुदै छिन्चु बजार दक्षिणबाट लेखपराजुलको क्षेत्र हुदै भरी नदीमा मिसिन पुगेको छ। यसबाट जमिन सिंचाई साथ साथै निर्माण सामग्रीमा प्रयोग हुने ढुङ्गा बालुवा झिक्ने काम पनि गरिन्छ। झुप्रा खोलाको बालुवा भन्दा यस खोलाको बालुवा गुणस्तरिय मानिन्छ। वर्षातको समयमा निकै ठूलो बाढि यस खोलामा आउने हुनाले जमिन कटान गरेर हानी नोक्सानी पुऱ्याउछ।

स्रोत : सुर्खेत दर्पण, २०५३, जिल्ला विकास समितिको कार्यालय सुर्खेत।

माथि उल्लेखित नदी खोलाहरू बाहेक बबई नदी, लिमु खोला, नेटा खोला, कोल्टे खोला, ढंग खोला, आमखोला, गौरा खोला, रूझुङ खोला, मुंगर खोला, बत्तिसी खोला, कुटा खोला, राम्चे खोला, श्रीचौर खोला, कालपानी खोला, रक्ते डाँडा, कोल खोला, रामघाट खोला, लवन खोला, च्यारकुले भजुवा खोला, जुंगेबगर खोला, सुवाधार खोला, माझखर्क खोला, बैशपानी खोला आदि धेरै खोलाहरू सुर्खेत जिल्लामा रहेका छन्।

१.८ पुरातात्विक तथा पर्यटकीय महत्त्वका क्षेत्र

भित्री मधेशमा रहेको यस जिल्लामा पर्यटकीय एवं धार्मिक स्थलहरू प्रसस्त छन्। यहाँका ऐतिहासिक एवं धार्मिक स्थलहरू, ताल पोखरीहरू, विभिन्न गुफाहरू, रमणिय पहाडी श्रृङ्खलाहरू, सुन्दर वस्तीहरूनै यहाँका पर्यटकीय स्थलहरूको रूपमा परिचित छन्। योजना कार्यान्वयन हुने क्षेत्रहरूमा प्रमूख धार्मिक स्थल तथा तालहरूमा देउती बज्यै मन्दिर, सिद्धपाईला, लाटिकोइली शिव मन्दिर, काँक्रेविहार, बुलबुले ताल, जलेश्वर धाम, जाजुरा दह, बराहताल, गुप्ती दह पर्दछन्। सुर्खेत जिल्लाका केहि महत्त्वपूर्ण धार्मिक, पुरातात्विक तथा पर्यटकिय स्थलहरूको संक्षिप्त परिचय यसप्रकार रहेको छ।

तालिका नं. १.७ सुर्खेत जिल्लामा रहेका महत्त्वपूर्ण पुरातात्विक तथा पर्यटकीय स्थलहरू

क्र.सं.	पर्यटकिय/पुरातात्विक क्षेत्र	स्थान	विशेषता
१	काँक्रेविहार, लाटीकोइली	वीरेन्द्रनगर नगरपालिका	ऐतिहासिक स्थल,
२	देउतीबज्यै, बुलबुले ताल	वीरेन्द्रनगर नगरपालिका	सुन्दर आकर्षक मन्दिर तथा ताल
३	जलेश्वर धाम	वीरेन्द्रनगर नगरपालिका	साँस्कृतिक धार्मिक महत्त्व
४	जाजुरा दह, चमेरे गुफा, गुप्ती दह	पञ्चपुरी नगरपालिका	प्राकृतिक सुन्दर आकर्षक ताल
५	धनरास दरबार	चौकुने गाँउपालिका	पौराणिक महत्त्व
६	बराहताल (बटुक भैरव मन्दिर सहित)	बराहताल गाँउपालिका	धार्मिक क्षेत्र
७	उत्तरगङ्गा मालिका मन्दिर	सुर्खेत, दैलेख र जाजरकोटको सिमाना	प्राकृतिक सुन्दरता र धार्मिक स्थल
८	साततले गुफा	लेकबेशी नगरपालिका	प्राकृतिक सुन्दरता
९	भेरी नदी	वीरेन्द्रनगर नगरपालिका	राफ्टिङ

स्रोत : वार्षिक प्रतिवदेन २०७२/७३, जिल्ला वन कार्यालय, सुर्खेत।

१.९ जिल्लाको प्रशासनिक तथा राजनैतिक विभाजन

भित्री मधेशमा रहेको वि.स. २०१८ सालभन्दा अगाडी छुट्टै जिल्लाको रूपमा नरहेको यस सुर्खेत जिल्ला तत्कालिन दैलेख जिल्ला अन्तर्गतको दैलेख पश्चिम, दैलेख मध्य र दैलेख पूर्वका भागहरूमा अवस्थित थियो। विभिन्न कालखण्डहरूमा

नेपालमा भएको राजनीतिक परिवर्तन र सो बाट भएका प्रशासनिक विभाजनहरूमा सुर्खेत जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजन पनि परिवर्तन भएको देखिन्छ।

वि.स. २०१८ साल बैशाख महिनामा तत्कालिक राजा महेन्द्रबाट नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएपछि त्यस सुर्खेत जिल्लालाई दराका हिसाबले चार भागमा विभाजन गरि कुल ३३ वटा गाँउपञ्चायतहरू कायम गरिएको थियो। नेपालको तत्कालिन आर्थिक योजना मन्त्रालयले वि.स. २०२४ सालमा तयार पारेको सुर्खेत जिल्लाको लागि प्रस्तावित योजना नामक पुस्तक अनुसार त्यसबेला सुर्खेत जिल्लाको क्षेत्रफल जम्मा ९५४ वर्गमिल थियो। जिल्लालाई दराका हिसाबले निम्न चार भागमा विभाजन गरिएको थियो।

तालिका नं. १.८ सुर्खेत जिल्लाको विभाजन वि.स. २०१८

क्र.सं.	दराको नाम	अन्तर्गत पर्ने गाँउपञ्चायतहरू
१	डाँडादरा	बाँसपानी, रेक्चा, सालकोट र पोखरीकाँडा गरि ४ वटा गाँउहरू
२	खास सुर्खेत	लेखगाँउ, वयलकाँडा, गोठिकाँडा, तेलपानी, लाटिकोईली, कटकुवा, जर्बुटा, साटाखानी, रतु नलखोला, गर्पन, पाम्का, लापन, च्यारकुले, डाँडागाँउ, लेखफर्सा, गुमी र घुमखहरे गरि १७ वटा गाँउहरू
३	सिम्तादरा	चोल्पा, तामागाकाँडा, राकम, बजेडा, बजेडिचौर, काफलकोट र गान्द्रा गरि ७ वटा गाँउहरू।
४	गुर्वाकोटदरा	लेखपराजुल, कोटमाझखर्क, मालारानी, कालीकाटी काल्चे र कालीमाटी रामपुर गरि ५ वटा गाँउहरू।

स्रोत : सुर्खेत दर्पण, जिल्ला विकास समितिको कार्यालय, सुर्खेत (२०५३)।

वि.स. २०३३ सालमा सुर्खेतको चौभानचौर गाँउपञ्चायतलाई नगर पञ्चायत घोषणा गरेपश्चात सुर्खेत जिल्लामा ३२ गाँउ पञ्चायत र १ नगर पञ्चायत कायम रहे। यस समयमा सुर्खेत जिल्लाको सिमानामा धेरै परिवर्तन आईसकेको थियो। वि.स. २०३३ र २०३८ सालको विचमा सुर्खेत जिल्लाको सिमानामा धेरै हेरफेर आयो। वि.स. २०३८ सालको जनगणना अनुसार त्यसबेला सुर्खेत जिल्लाको क्षेत्रफल २४५१ वर्ग कि.मि., ५० वटा गाँउ पञ्चायत र १ नगर पञ्चायत गरी कुल ५१ पञ्चायतहरू रहेका थिय। वि.स. २०४६ सालको जन आन्दोलन पछि नेपालका कुल ४,०१५ गाउँ पञ्चायतलाई परिवर्तन गरी ३,९९५ गाउँ विकास समिति र ३३ नगर पञ्चायतहरूलाई नगरपालिका कायम गरिए पछि सुर्खेत जिल्लामा ५० गाँउविकास समिति र १ नगरपालिका कायम हुन पुगे।

वि.स. २०४८ सालको महानिर्वाचनमा सुर्खेत जिल्लाका तत्कालिन ५० गाँउविकास समिति र १ नगरपालिकालाई जम्मा ११ वटा इलाकामा विभाजन गरि २ वटा संसदिय निर्वाचन क्षेत्र निर्धारण गरिएको थियो। जुन यस प्रकार रहेका छन्।

तालिका नं. १.९ सुर्खेत जिल्लाको इलाका विभाजन तथा संसदिय निर्वाचन क्षेत्र निर्धारण (वि.स. २०४८)

निर्वाचन क्षेत्र	इलाका	अन्तर्गतका गाँउविकास समिति तथा नगरपालिका
१	इलाका नं. १	लाटिकोईली, लेखपराजुल र छिन्चु गाविसहरू
	इलाका नं. २	रामघाट, मैनतडा र मेहेलकुना गाविसहरू
	इलाका नं. ३	सहारे, मालारानी, धारापानी र घुमखहरे गाविसहरू
	इलाका नं. ४	दहचौर, गुमी , लेखफर्सा र दशरथपुर
	इलाका नं. ५	राकम, डाँडाखाली, काप्रीचौर, खानीखोला, वजेडिचौर, आग्रीगाँउ र काफलकोट गाविसहरू
	इलाका नं. ६	घोरेटा, रानीवास, मटेला, अवलचिङ, पाम्का र रजेना गाविसहरू
२	इलाका नं. ७	गर्पन, रतु, साटाखानी, कल्याण र नेटा गाविसहरू
	इलाका नं. ८	जर्वुटा, उत्तरगंगा र वीरेन्द्रनगर नगरपालिका
	इलाका नं. ९	गढी, लेखगाँउ, कुनाथरी, तरङ्गा र हरिहरपुर गाविसहरू
	इलाका नं. १०	पोखरीकाँडा, छाप्रे, सालकोट, वावियाचौर र तातापानी गाविसहरू
	इलाका नं. ११	विद्यापुर, गुटु, विजौरा, बेतान, लगाम र घाटगाँउ गाविसहरू

स्रोत : सुर्खेत दर्पण, जिल्ला विकास समितिको कार्यालय, सुर्खेत (२०५३)।

चित्र नं. २ सुर्खेत जिल्लाको इलाका तथा निर्वाचन क्षेत्र निर्धारण, २०४८

वि.स. २०५१ सालको मध्यावधी निर्वाचनको घोषणा पश्चात जनसङ्ख्याको आधारमा नेपालका निर्वाचन क्षेत्रहरूलाई सामान्य हेरफेर गरिएको थियो। उक्त हेरफेरमा सुर्खेत जिल्ला पनि पर्‍यो। सुर्खेत जिल्ला साविकको दुई संसदिय निर्वाचन क्षेत्रवाट तीन क्षेत्रमा विभाजित भयो। जिल्लाका साविकका दुई निर्वाचन क्षेत्रलाई निम्नानुसार तीन निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो।

तालिका नं. १.१० सुर्खेत जिल्लाको संसदिय निर्वाचन क्षेत्र निर्धारण (वि.स. २०५१)

निर्वाचन क्षेत्र	इलाका	अन्तर्गतका गाँउविकास समिति तथा नगरपालिका
१	इलाका नं. १	छिन्चु
	इलाका नं. २	रामघाट, मैनतडा र मेहेलकुना
	इलाका नं. ३	सहारे, मालारानी, धारापानी र घुमखहरे
	इलाका नं. ४	दहचौर र गुमी
	इलाका नं. ५	राकम, डाँडाखाली, काप्रीचौर, खानीखोला, वजेडिचौर, आग्रीगाँउ र काफलकोट
	इलाका नं. ६	घोरेटा
२	इलाका नं. १	लाटीकोइली
	इलाका नं. ४	लेखफर्सा र दशरथपुर
	इलाका नं. ६	रानीवास, मटेला, अवलचिङ, पाम्का र रजेना
	इलाका नं. ७	गर्पन, रतु, साटाखानी, कल्याण र नेटा
	इलाका नं. ८	जर्वुटा गाविस र वीरेन्द्रनगर नगरपालिका
३	इलाका नं. १	लेखपराजुल
	इलाका नं. ८	उत्तरगंगा
	इलाका नं. ९	गढी, लेखगाँउ, कुनाथरी, तरङ्गा र हरिहरपुर
	इलाका नं. १०	पोखरीकाँडा, छाप्रे, सालकोट, वावियाचौर र तातापानी
	इलाका नं. ११	विद्यापुर, गुटु, विजौरा, बेतान, लगाम र घाटगाँउ

स्रोत : सुर्खेत दर्पण, जिल्ला विकास समितिको कार्यालय, सुर्खेत (२०५३)।

चित्र नं. ३ सुर्खेत जिल्लाको संसदिय निर्वाचन क्षेत्र, २०५१



वि.स. २०७१ बैशाख २५ मा नेपाल सरकारले ७२ वटा नयाँ नगरपालिकाहरू घोषणा गरी नेपालमा नगरपालिकाहरूको सङ्ख्या १३० वटा पुऱ्याउदा यस जिल्लाका साविकका लाटिकोइली र उत्तरगंगा गाविसहरू वीरेन्द्रनगर नगर पालिकामा मिश्रण गरि वीरेन्द्रनगर नगरपालिकालाई विस्तार गरियो तत्पश्चात सुर्खेत जिल्लामा ४८ वटा गाविसहरू र १ नगरपालिका कायम हुन पुग्यो। पुनः २०७१ साल मङ्सिर १६ गते नेपाल सरकारले ६१ वटा नगरपालिकाहरू थप गरी पुराना केहि नगरपालिकाहरूलाई हेरफेर गरेको थियो। त्यसवेला वीरेन्द्रनगर नगरपालिकामा जर्बुटा गाविस पनि थपियो। साविकका छिन्चु, रामघाट र मैनतडा गाविसहरू मिलाई भेरीगङ्गा नगरपालिका घोषणा गरियो। र यतिवेला सुर्खेतमा २ वटा नगरपालिकाहरू र ४४ वटा गाविसहरू रहन पुगे। तत्पश्चात नेपाल सरकाले मिति २०७२ आश्विन १ गते पुनः २६ वटा नयाँ नगरपालीकाहरू घोषणा गरेसँगै नेपालमा नगरपालिकाहरूको सङ्ख्या २१७ हुन पुग्यो र सुर्खेत जिल्लाले पनि थप १ वटा नगरपालिका पायो। साविकका गुमी, दहचौर, मेहेलकुना र घुमखहरे गाविसहरूलाई मिलाई शुभाघाट गङ्गामाला नगरपालिका बन्यो। यसरी सुर्खेत जिल्लामा ३ वटा नगरपालिका सहित ४० वटा गाविसहरू रहन पुगे।

नेपालमा वि.स. २०७२ सालमा नयाँ संविधान लागु भए सँगै गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगको प्रतिवेदन अनुरूप नेपाल सरकारको मिति २०७३ फाल्गुण ९ गतेको निर्णय अनुसार नेपालका तत्कालिन २१७ नगरपालिका र ३,२७६ गाँउविकास समितिहरूलाई पुनर्संरचना गरि ७४४ वटा स्थानीय तहहरू रूपान्तरण भयो। सो अनुसार सुर्खेत जिल्लाका साविकका ३ वटा नगरपालिकाहरू र ४० वटा गाँउविकास समितिहरूलाई ५ वटा नगरपालिका र ४ वटा गाँउपालिका गरी कुल ९ वटा स्थानीय तहहरूमा विभाजन गरियो। यसरी विभिन्न काल खण्डमा विभिन्न किसिमका प्रशासनिक तथा राजनीतिक विभाजन पश्चात यो सुर्खेत जिल्ला हालको ९ वटा स्थानीय तहको स्वरूपमा आईपुगेको छ। स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन अनुसार सुर्खेत जिल्लाको विभाजन यस प्रकार रहेको छ।

तालिका नं. १.११ सुर्खेत जिल्लाका स्थानीय तहहरूको विभाजन वि.स. २०७३

क्र.सं.	स्थानीय तहको नाम	वडा सङ्ख्या	साविकका गा.वि.स./न.पा.हरू
१	वीरेन्द्रनगर नगरपालिका	१६	वीरेन्द्रनगर न.पा., रतु, गढि र गर्पन
२	भेरीगङ्गा नगरपालिका	१३	भेरीगङ्गा न.पा. र लेखपराजुल गा.वि.स.
३	गुर्भाकोट नगरपालिका	१४	शुभाघाट न.पा., मालारानी, धारापानी र सहारे
४	पञ्चपुरी नगरपालिका	११	सालकोट, वावियाचौर, छाप्रे, विद्यापुर र तातापानी
५	लेकबेशी नगरपालिका	१०	लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानी
६	चौकुने गाँउपालिका	१०	घाटगाँउ, गुटु, विजौरा, बेतान र लगाम
७	बराहताल गाँउपालिका	१०	पोखरीकाँडा, कुनाथरी, लेखगाँउ, हरिहरपुर र तरङ्गा
८	चिङ्गाड गाँउपालिका	६	रजेना, रानीवास, मटेला, अवलचिङ र पाम्का
९	सिम्ता गाँउपालिका	९	घोरेटा, काफलकोट, आग्रिगाँउ, बजेडिचौर, राकम, डाँडाखाली, काप्रिचौर र खानीखोला
	जिल्लाको कुल वडा	९९	

स्रोत : स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिती सुर्खेतको प्रतिवेदन, २०७३।

१.१० जनसङ्ख्या

राष्ट्रिय जनगणना २०५८ र २०६८ बाट प्राप्त आँकडाहरूका आधारमा सुर्खेत जिल्लाका केहि प्रमूख जनसाङ्ख्यीक विवरणहरू तुलनात्मक रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १.१२ सुर्खेत जिल्लाको आधारभूत जनसाङ्ख्यीक विवरणहरू

क्र.सं.	विवरण		जनगणना २०५८	जनगणना २०६८
१	जम्मा परिवार सङ्ख्या		५४,०४७	७२,८६३
२	जनसङ्ख्या	जम्मा	२,८८,५२७	३,५०,८०४
		पुरूष	१,४२,८१७	१,६९,४२१
		महिला	१,४५,७१०	१,८१,३८३
३	जनसङ्ख्या बृद्धिदर (प्रतिशत)		२.४५	१.९५
४	जनसङ्ख्या दोब्बर हुन लाग्ने अनुमानित अवधी (वर्ष)		२८	३६
५	लैङ्गिक अनुपात (प्रतिसय महिलामा पुरूषको सङ्ख्या)		९८.०१	९३.४
६	अनुपस्थित जनसङ्ख्या (विदेश गएकारूको जनसङ्ख्या)	जम्मा	१०,४५४	२३,१९७
		पुरूष	९,४७९	२०,१७३
		महिला	९७५	३,०२४
७	अनुपस्थित परिवार सङ्ख्या		उ.न.	१६,११०
८	अपाङ्ग जनसङ्ख्या	जम्मा	२,०३३	१०,२९१
		पुरूष	८६२	५,६१९
		महिला	१,१७१	४,६७२
९	संस्थागत परिवार सङ्ख्या		३३	३३
१०	संस्थागत जनसङ्ख्या	जम्मा	१,७०४	७,४८६
		पुरूष	१,६५७	६,७४९
		महिला	४७	७३७
११	परिवारको औषत आकार		५.३४	४.८१
१२	जनघनत्व (जना प्रति वर्ग कि.मि.)		११८.०	१४३.१
१३	परिवार घनत्व (परिवार प्रति वर्ग कि.मि.)		२२.०५	२९.७
१४	५ बर्ष मूनीको जनसङ्ख्या (प्रतिशत)	जम्मा	१२.८	११.२
		पुरूष	१३.२	१२.०
		महिला	१२.५	१०.५
१५	७५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या (प्रतिशत)	जम्मा	०.६९	१.०८
		पुरूष	०.६४	१.११
		महिला	०.७४	१.०५
१६	आश्रित अनुपात (प्रतिशत)		८७.८	८१.३७
१७	बाल आश्रित अनुपात (प्रतिशत)		७८.२	६९.८२
१८	बृद्ध आश्रित अनुपात (प्रतिशत)		८.६	११.५५

स्रोत : राष्ट्रिय जनगणना २०५८ र २०६८, के.त.वि.।

नेपालमा जनगणना वि.स. १९६८ (सन् १९११) सालबाट सुरू भएता पनि राणाकालिन समयमा जिल्ला अनुसारका जनसाङ्ख्यीक विवरणहरू उत्पादन गरिएको थिएन । राणाशासनको अन्त पछाडी मात्र बैज्ञानिक तवरबाट गणना गर्न थालिएको हो । वि.स. २०१९ सालको जिल्ला विभाजन पश्चातमात्र सुर्खेत छुट्टै जिल्लाको अस्तित्वमा आएको हुदा वि.स. २०२८ सालको जनगणना देखि हालसम्मको सुर्खेत जिल्लाको जनसङ्ख्या र प्रबृति तलको तालिकामा देखाइएको छ।

तालिका नं. १.१३ विभिन्न जनगणना वर्षहरूमा सुर्खेत जिल्लाको जनसाङ्ख्यीक अवस्था

जनगणना वर्ष (वि.स.)	जनसङ्ख्या			जनसङ्ख्या वृद्धिदर	जनघनत्व (प्रति वर्ग कि.मि.)	कैफियत
	जम्मा	पुरूष	महिला			
२०२८	१,०१,७९३	५२,९४९	४८,८४४	-	०.४	प्रति वर्ग मिल
२०३८	१,६६,१९६	८३,३८२	८२,८१४	४.९०	६८.८	
२०४८	२,२५,७६८	१,११,८४३	१,१३,९२५	३.०६	९२.१	
२०५८	२,८८,५२७	१,४२,८१७	१,४५,७१०	२.४५	११७.७	
२०६८	३,५०,८०४	१,६९,४२१	१,८१,३८३	१.९५	१४३.१	
२०७३	३,८६,८१५	१,८४,५२७	२,०२,२८८	१.९५	१५७.८	प्रक्षेपित

स्रोत : राष्ट्रिय जनगणना २०२८ देखि २०६८ सम्मका प्रतिवेदनहरू, के.त.वि. ।

चित्र नं. ४ विभिन्न जनगणना वर्षहरूमा सुर्खेत जिल्लाको जनसङ्ख्या



चित्र नं. ५ विभिन्न जनगणना वर्षहरूमा सुर्खेत जिल्लाको जनसङ्ख्या वृद्धिदर



वि.स. २०५८ र २०६८ सालको जनसङ्ख्यालाइ तुलनात्मक रूपमा विश्लेषण गर्ने हा भने १० वर्षको अवधिमा सुर्खेत जिल्लाका जनसङ्ख्यामा ६२,२७७ जनाले बृद्धि भएको देखिन्छ। सुर्खेत जिल्लाको वि.स. २०३८ सालको जनगणना अनुसार जनसङ्ख्या वृद्धिदर ४.६ प्रतिशत रहेकोमा त्यसपछिका प्रत्येक १० वर्षका जनगणनाहरूमा यो प्रतिशत घट्दै गइरहेको देखिन्छ।

सुर्खेत जिल्लाको जनसङ्ख्यालाई सहरी र ग्रामिण रूपमा अध्ययन गर्दा वि.स. २०५८ सालमा सहरी र ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्याको प्रतिशत क्रमशः १०.९ र ८९.१ रहेको थियो भने २०६८ साल सम्म आइपुग्दा सहरी क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्यामा १३.६५ र ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्याको प्रतिशत ८६.३५ मा पुगेको थियो। वि.स. २०७३ सालका जिल्लाको स्थानीय तह पुनर्संरचना गरी ५ नगरपालिका र ४ गाँउपालिका बने पश्चात जिल्लामा शहरी जनसङ्ख्याको प्रतिशत ७२.३ प्रतिशत पुगेको छ ।

तालिका नं. १.१४ विभिन्न वर्षहरूमा ग्रामीण तथा सहरी क्षेत्रमा बसोवास गर्ने जनसङ्ख्याको विवरण

क्र.सं.	विवरण	जनगणना २०५८		जनगणना २०६८		पुनर्संरचना २०७३ पश्चात	
		ग्रामिण	सहरी	ग्रामिण	सहरी	ग्रामिण	सहरी
१	जनसङ्ख्या	२,५७,१४६	३१,३८१	३,०२,८९०	४७,९१४	९५,१६२	२,४८,१५६
२	जनसङ्ख्या प्रतिशत	८९.१	१०.९	८६.३	१३.७	२७.७	७२.३
३	पुरूष	१,२६,९२७	१५,८९०	१,४६,०२५	२३,३९६	४५,३३०	१,१७,३४२
४	महिला	१,३०,२१९	१५,४९१	१,५६,८६५	२४,५१८	४९,८३२	१,३६,०९९
५	परिवार सङ्ख्या	४३,५५२	७,१३९	६०,८३४	१२,०२९	१८,०७३	५४,७५७
६	औसत परिवार सङ्ख्या	५.५०	४.३०	४.९७	३.९८	५.२७	४.५३
७	लैंगिक अनुपात	९७.४७	१०२.५८	९३.०९	९५.४२	९०.९७	८६.२२
८	क्षेत्रफल प्रतिशत	९८.५९	१.४१	९८.५९	१.४१	५०.१३	४९.८७
९	जनघनत्व प्रतिवर्ग कि.मि.	१०६.०	९२३.०	१२५.४	१३३०.९	७६.३	१९९.९

स्रोत : राष्ट्रिय जनगणना २०५८ र २०६८ का नतिजाहरू, के.त.वि. ।

वि.स. २०६८ सालको जनगणना अनुसार सुर्खेत जिल्लाको जनसङ्ख्याको उमेरगत संरचना तलको तालिकामा देखाइएको छ।

तालिका नं. १.१५ ५/५ वर्षे उमेर समूह अनुसार सुर्खेत जिल्लाको जनसङ्ख्या

उमेर समूह	जम्मा		पुरूष		महिला	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
सवै उमेर समूह	३,५०,८०४	१००.००	१,६९,४२१	१००.००	१,८१,३८३	१००.००
००-०४	३९,२९१	११.२०	२०,२४८	११.९५	१९,०४३	१०.५०
०५-०९	४६,९२७	१३.३८	२४,०३९	१४.१९	२२,८८८	१२.६२
१०-१४	४८,८२५	१३.९२	२४,८९५	१४.६९	२३,९३०	१३.१९
१५-१९	३९,५५८	११.२८	१८,८६१	११.१३	२०,६९७	११.४१
२०-२४	३३,३०७	९.४९	१४,६७२	८.६६	१८,६३५	१०.२७
२५-२९	२७,९०७	७.९६	१२,३५२	७.२९	१५,५५५	८.५८
३०-३४	२२,४८९	६.४१	९,९५९	५.८८	१२,५३०	६.९१

क्रमसः.....

उमेर समूह	जम्मा		पुरूष		महिला	
	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
३५-३९	१९,६५८	५.६०	९,०३२	५.३३	१०,६२६	५.८६
४०-४४	१६,७४८	४.७७	७,९१४	४.६७	८,८३४	४.८७
४५-४९	१३,१२६	३.७४	६,३००	३.७२	६,८२६	३.७६
५०-५४	११,४०८	३.२५	५,६५५	३.३४	५,७५३	३.१७
५५-५९	९,२१६	२.६३	४,६०३	२.७२	४,६१३	२.५४
६०-६४	८,७४९	२.४९	४,१५१	२.४५	४,५९८	२.५४
६५-६९	६,०५४	१.७३	२,९९८	१.७७	३,०५६	१.६८
७०-७४	३,७६१	१.०७	१,८५८	१.१०	१,९०३	१.०५
७५-७९	२,०६८	०.५९	१,०७६	०.६४	९९२	०.५५
८०-८४	१,१०१	०.३१	५५०	०.३२	५५१	०.३०
८५-८९	३८८	०.११	१८४	०.११	२०४	०.११
९०-९४	१३९	०.०४	५१	०.०३	८८	०.०५
९५ +	८४	०.०२	२३	०.०१	६१	०.०३

स्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि. ।

चित्र नं. ६ सुर्खेत जिल्लाको जनसङ्ख्या पिरामिड, २०६८



स्रोत : राष्ट्रिय जनगणना २०६८, के.त.वि. ।

१.११ जिल्लाको सामाजिक स्वरूप

सुर्खेत जिल्लामा ऐतिहासिक पक्षको आधारमा यहाँका वासिन्दाहरू अन्यत्र जिल्लाहरूबाट बसाई सरी आएर जग्गा आवाद भई क्रमसः सुर्खेत जिल्ला वन्न पुगेको स्पष्ट छ। सुर्खेत जिल्लामा मूख्यगरि दैलेख, सल्यान, कालिकोट, जुम्ला, जाजरकोट आदि जिल्लाहरूबाट बसाई सरि आएका मानिसहरूको बसोबास रहेको हुनाले यस जिल्लामा विभिन्न जातजातीहरूको बसोबास रहेको पाईन्छ। राष्ट्रिय जनगणनामा २०६८ मा सुर्खेत जिल्लाका ८० भन्दा वढि जातजाती, ८ भन्दा वढि धर्म, ४० भन्दा वढि मातृभाषा र २५ भन्दा वढि दोस्रो भाषाहरूको गणना भएको छ भने लोपोन्मुख जाती राउटेको पनि यस क्षेत्रमा बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ सालको जनगणना अनुसार सुर्खेत जिल्लाको प्रमूख जातजाती अवस्था तलको तालिकामा देखाईएको छ।

तालिका नं. १.१६ सुर्खेत जिल्लाको जनसङ्ख्याको जातीय स्थिति (जिल्लाका प्रमूख जातजातीहरू)

क्र.सं.	जातजाती	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	क्षेत्री	१,१०,९०७	३१.६	५४,२४९	३२.०	५६,६५८	३१.२
२	मगर	६६,२१९	१८.९	३१,६६६	१८.७	३४,५५३	१९.०
३	कामी	६४,१४९	१८.३	२९,९९३	१७.७	३४,१५६	१८.८
४	ब्राह्मण (पहाडि)	४०,४४०	११.५	१९,८४८	११.७	२०,५९२	११.४
५	ठकुरी	१६,६२८	४.७	८,१५९	४.८	८,४६९	४.७
६	दमाई/ढोली	१५,७८१	४.५	७,५०७	४.४	८,२७४	४.६
७	सार्की	८,१५७	२.३	३,८५१	२.३	४,३०६	२.४
८	थारू	६,८९०	२.०	३,४९८	२.१	३,३९२	१.९
९	दशनामी/सन्यासी	५,९८९	१.७	२,९०८	१.७	३,०८१	१.७
१०	गुरूङ	४,६१४	१.३	२,१५५	१.३	२,४५९	१.४
११	नेवार	१,९०७	०.५	९५७	०.६	९५०	०.५
१२	बादी	१,८५५	०.५	८९०	०.५	९६५	०.५
१३	मुसलमान	१,८२५	०.५	९७५	०.६	८५०	०.५
१४	राजी	१,१७१	०.३	५५७	०.३	६१४	०.३
१५	अन्य	४,२७२	१.२	२,२०८	१.३	२,०६४	१.१
	कुल जम्मा	३,५०,८०४	१००.०	१,६९,४२१	१००.०	१,८१,३८३	१००.०

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

सुर्खेत जिल्लामा विभिन्न किसिमका धर्मावलम्बीहरूको पनि बसोबास रहेको छ। मूख्य गरि हिन्दु, बौद्ध, ईसाइ, इस्लाम आदि धर्मावलम्बीहरूको बसोबास रहेको यस जिल्लामा हरेक धर्मावलम्बीहरूको आफ्नै संस्कार, संस्कृति र रितिरिवाजहरू पाईन्छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार सुर्खेत जिल्लाका प्रमूख धर्मावलम्बीहरू यस प्रकार रहेका छन्।

तालिका नं. १.१७ सुर्खेत जिल्लाका विधिन्न धर्मावलम्बीहरूको तथ्याङ्किय अवस्था

क्र.सं.	धर्म	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	हिन्दु	३,२२,२४४	९१.८६	१,५५,८२९	९१.९८	१,६६,४१५	९१.७५
२	बौद्ध	१४,४०२	४.११	६,८८८	४.०७	७,५१४	४.१४
३	क्रिस्चियन	१२,०२२	३.४३	५,५०८	३.२५	६,५१४	३.५९
४	ईस्लाम	१,८२५	०.५२	९७५	०.५८	८५०	०.४७
५	प्रकृति	४९	०.०१	२७	०.०२	२२	०.०१
६	अन्य	२६२	०.०७	१९४	०.११	६८	०.०४
	कुल जम्मा	३,५०,८०४	१००	१,६९,४२१	१००	१,८१,३८३	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

सुर्खेत जिल्लामा विभिन्न जातजाती तथा धर्मावलम्बीहरूको वसोबास सँगै विभिन्न किसिमका मातृभाषिहरूको पनि उल्लेख्य उपस्थिति रहेको पाईन्छ। मूख्यतया जिल्लामा नेपाली मातृभाषिहरूको नै बाहुल्यता रहे पनि थारू, मगर, गुरूङ, नेवारी, मैथली तथा हिन्दी मातृभाषीहरूको पनि सघन उपस्थिति रहेको देखिन्छ।

तालिका नं. १.१८ सुर्खेत जिल्लामा बोलिने प्रमूख मातृभाषाहरू

क्र.सं.	मातृभाषा	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	नेपाली	३,१४,४५९	८९.६४	१,५१,४३९	८९.३९	१,६३,०२०	८९.८८
२	मगर	२४,४५६	६.९७	११,७६८	६.९५	१२,६८८	७.००
३	थारू	६,२७४	१.७९	३,१६०	१.८७	३,११४	१.७२
४	राजी	९८०	०.२८	४७६	०.२८	५०४	०.२८
५	गुरूङ	९७४	०.२८	४५५	०.२७	५१९	०.२९
६	हिन्दी	७२६	०.२१	४०८	०.२४	३१८	०.१८
७	नेवारी	६५२	०.१९	३४३	०.२०	३०९	०.१७
८	मैथली	५०३	०.१४	३१६	०.१९	१८७	०.१०
९	अन्य	१,७८०	०.५१	१,०५६	०.६२	७२४	०.४०
	कुल जम्मा	३,५०,८०४	१००	१,६९,४२१	१००	१,८१,३८३	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

तालिका नं. १.१९ सुर्खेत जिल्लामा बोलिने दोस्रो भाषाको अवस्था

क्र.सं.	दोस्रो भाषा	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	नेपाली	३१,५४७	८.९९	१५,६९९	९.२७	१५,८४८	८.७४
२	मगर	७९५	०.२३	३९७	०.२३	३९८	०.२२
३	हिन्दी	३८९	०.११	२७९	०.१६	११०	०.०६
४	थारू	२०२	०.०६	११०	०.०६	९२	०.०५
५	अन्य	३७७	०.११	२२२	०.१३	१५५	०.०९
६	दोस्रो भाषा नभएका	३,१७,४९४	९०.५०	१,५२,७१४	९०.१४	१,६४,७८०	९०.८५
	कुल जम्मा	३,५०,८०४	१००	१,६९,४२१	१००.००	१,८१,३८३	१००.००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

सुर्खेत जिल्लामा प्रमूख ५ जातजाती, धर्मावलम्बी, मातृभाषी र दोस्रोभाषीहरूको प्रतिशतको अवस्था तलका बारचित्रहरूमा देखाईएको छ।

चित्र नं. ७ सुर्खेत जिल्लाको प्रमूख ५ जातजाती, धर्म, मातृभाषा तथा दोस्रो भाषाको अवस्था, २०६८



स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

जिल्लाको सामाजिक अवस्थाको अध्ययन अन्तर्गत जिल्लामा रहेका जनसङ्ख्याको वैवाहिक अवस्थाको विश्लेषण पनि महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लाको १० वर्ष वा सो भन्दा माथिको उमेरको जनसङ्ख्यामा अविवाहित व्यक्तिहरूको प्रतिशत ३४.३७ प्रतिशत रहेको छ जसमध्ये पुरूष ३९.३ र महिला २९.९ प्रतिशत रहेको छ। जिल्लामा पुनर्विवाह गर्ने व्यक्तिहरूको जनसङ्ख्या पनि उल्लेख्य रहेको छ, १० वर्ष र सो भन्दा माथिको सुर्खेत जिल्लाको जनसङ्ख्यामा ५.२ प्रतिशत जनसङ्ख्याले पुनर्विवाह गरेको देखिन्छ। पुनर्विवाह गर्ने पुरूषहरू ६.०३ प्रतिशत रहेका छन् भने महिलाहरूमा यो प्रतिशत ४.५ रहेको देखिन्छ।

तालिका नं. १.२० सुर्खेत जिल्लाको १० वर्ष वा सो भन्दा बढि उमेको जनसङ्ख्याको वैवाहिक अवस्था

क्र.सं.	वैवाहिक अवस्था	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	अविवाहित	९०,९२८	३४.३७	४९,१७७	३९.३०	४१,७५१	२९.९४
२	एक पटक विवाह गरेका	१,४६,५६४	५५.३९	६२,३८५	४९.८५	८४,१७९	६०.३६
३	बहुविवाह	६,१८७	२.३४	४,३७३	३.४९	१,८१४	१.३०
४	पुनर्विवाह	१३,८१६	५.२२	७,५४२	६.०३	६,२७४	४.५०
५	विधवा/विदुर	६,२२४	२.३५	१,२८८	१.०३	४,९३६	३.५४
६	पारपाचुके भएका	४०४	०.१५	२२४	०.१८	१८०	०.१३
७	छुट्टियर बसेका	४६३	०.१७	१४५	०.१२	३१८	०.२३
	जम्मा	२,६४,५८६	१००	१,२५,१३४	१००	१,३९,४५२	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि.।

माथिको तालिका अनुसार सुर्खेत जिल्लाको १० वर्ष भन्दा माथिको जनसङ्ख्याको ६५.६ प्रतिशत जनसङ्ख्याले कम्तिमा एकपटक विवाह गरिसकेको अवस्था देखिन्छ। विवाहित व्यक्तिहरू मध्ये ५७.७७ प्रतिशत जनसङ्ख्याले १५ देखी १९ वर्षको उमेरमा विवाह गरेको देखिन्छ। विवाहित जनसङ्ख्याले पहिलो विवाह गर्दाको उमेर तलको तालिकामा देखाईएको छ।

तालिका नं. १.२१ विवाहित जनसङ्ख्याको विवाह गर्दाको उमेर

क्र.सं.	विवाह गर्दाको उमेर	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	१० वर्ष भन्दा कम	८२१	०.४७	१२१	०.१६	७००	०.७२
२	१० – १४ वर्ष	१६,३३५	९.४१	२,९४१	३.८७	१३,३९४	१३.७१
३	१५ – १९ वर्ष	१,००,३२८	५७.७७	३५,४२८	४६.६४	६४,९००	६६.४३
४	२० – २४ वर्ष	४३,४११	२५.००	२७,५२९	३६.२४	१५,८८२	१६.२६
५	२५ – २९ वर्ष	९,७६२	५.६२	७,५९३	१०.००	२,१६९	२.२२
६	३० –३४ वर्ष	२,०७९	१.२०	१,६६२	२.१९	४१७	०.४३

क्रमसः.....

क्र.सं.	विवाह गर्दाको उमेर	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
७	३५ –३९ वर्ष	५९१	०.३४	४४७	०.५९	१४४	०.१५
८	४० – ४४ वर्ष	१९८	०.११	१३५	०.१८	६३	०.०६
९	४५ – ४९	६७	०.०४	५४	०.०७	१३	०.०१
१०	५० वर्ष माथी	६६	०.०४	४७	०.०६	१९	०.०२

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

चित्र नं. ८ विवाहित जनसङ्ख्याको विवाह गर्दाको उमेर



स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

माथिको रेखाचित्र अनुसार १८ वर्षको उमेरमा विवाह गर्ने जनसङ्ख्याको प्रतिशत सवैभन्दा वढि (१५.७६ प्रतिशत) रहेको छ । लैङ्गिक रूपमा हेर्दा बढि पुरूषहरूको भन्दा महिलाको विवाह गर्ने उमेर कम छ । कुल विवाहित पुरूषहरूमध्ये सवैभन्दा बढि प्रतिशत (१५.२९ प्रतिशत) पुरूषहरूले १८ वर्षको उमेरमा विवाह गरेका छन् भने कुल विवाहित महिलाहरू मध्ये करिव १६.२६ प्रतिशत महिलाहरूले १६ वर्षको उमेर मै विवाह गर्ने गरेको देखिन्छ ।

सुर्खेत जिल्लामा रहेका कुल ३ लाख ५० हजार ८ सय ४ जनङ्ख्या मध्ये कुनै पनि किसिमको अपाङ्गता नभएका व्यक्तिहरूको प्रतिशत ९७.०७ रहेको छ । अर्थात यस जिल्लामा रहेका कुल जनसङ्ख्या मध्ये करिब ३ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ । लैङ्गिक दृष्टिकोणले हेर्दा महिला भन्दा पुरूषहरूमा अपाङ्गता वढि रहेको राष्ट्रिय

जनगणना २०६८ को आँकडाहरूले देखाउदछ। जनगणना २०६८ को नतिजा अनुसार सुर्खेत जिल्लामा रहेका अपाङ्ग जनसङ्ख्या र अपाङ्गताको प्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १.२२ अपाङ्गता सम्बन्धी विवरण

क्र.सं.	अपाङ्गताको अवस्था	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	अपाङ्गता नभएका	३४०५१३	९७.१	१,६३,८०२	९६.७	१,७६,७११	९७.४
२	अपाङ्गता भएका	१०२९१	२.९	५,६१९	३.३	४,६७२	२.६
३	शारीरिक अपाङ्गता	४६२७	४५.०	२,६४२	४७.०	१,९८५	४२.५
४	दृष्टि सम्वन्धी	१६२८	१५.८	७९८	१४.२	८३०	१७.८
५	सुनाई सम्बन्धी	१६६१	१६.१	८६०	१५.३	८०१	१७.१
६	श्रवण - दृष्टि विहिन	१३८	१.३	७३	१.३	६५	१.४
७	स्वर बोलाई सम्बन्धी	८०२	७.८	४५८	८.२	३४४	७.४
८	मानसिक	५३४	५.२	२८८	५.१	२४६	५.३
१०	बौद्धिक	२०१	२.०	११२	२.०	८९	१.९
११	बहु अपाङ्गता	७००	६.८	३८८	६.९	३१२	६.७

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि.।

१.१२ आर्थिक अवस्था

वि.स. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार सुर्खेत जिल्लामा १० वर्ष र सो उमेरभन्दा माथिका आर्थिक रूपमा सक्षम जनसङ्ख्याहरू २,५०,९९१ देखाईएको छ। जुन जिल्लाको कूल जनसङ्ख्याको ७१.५४ प्रतिशत हु न आँउदछ। सुर्खेत जिल्लामा आर्थिक रूपमा सक्षम जनसङ्ख्या मध्ये कृषि तथा वनमा ५८,३३१ र माछा पालनमा ५६ गरी प्राथमिक स्तरको आर्थिक गतिविधिमा कूल ५८,३८७ जना अर्थात आर्थिक रूपमा सक्षम जनसङ्ख्याको ५३.७७ प्रतिशत संलग्नता रहेको देखिन्छ। वि.स. २०४८ सालको जनगणनामा ८५.०३ प्रतिशत जनसङ्ख्या कृषि पेशामा संलग्न रहेको देखिइएकोमा २०५८ को जनगणनावाट कृषि क्षेत्रमा सक्रिय जनसङ्ख्याको स्थितिमा गिरावट आएपनि सुर्खेत जिल्लामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या मध्ये आधा भन्दा बढी जनसङ्ख्याको संलग्नता कृषि क्षेत्रमा रहेको देखिन्छ। राष्ट्रिय कृषि गणना २०६९ मा प्रयोग गरिएको कृषक परिवारको परिभाषा अनुसार जिल्लामा कुल ४३,३१४ (जिल्लाको कुल परिवार सङ्ख्याको ५९.४ प्रतिशत) परिवारहरू कृषि परिवार (Agricultural Holdings) को रूपमा रहेका छन् भने कुल जनसङ्ख्याको ७८.४६ प्रतिशत (२,७५,२५८ जना) जनसङ्ख्या कुनै न कुनै किसिमको कृषि क्रियाकलापमा सँलग्न रहेका देखिन्छन्। तसर्थ जिल्लामा व्यावसायिक कृषि कार्यमा सँलग्न कृषक तथा कृषक परिवारहरूको सङ्ख्या कम भएता पनि सुर्खेत जिल्लाको आर्थिक मेरूदण्ड मूलतः कृषि नै हो।

राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लाको जनसङ्ख्याको आर्थिक सक्रियता तथा आर्थिक क्रियाकलाप सम्बन्धी अन्य सूचकरू तलको तालिकामा देखाईएको छ।

तालिका नं. १.२३ सुर्खेत जिल्लाको आर्थिक सक्रियता तथा निर्भरता सम्बन्धी केहि प्रमूख सूचकहरू

क्र.सं.	विवरण	सङ्ख्या	प्रतिशत	कैफियत
१	१० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या	२,५७,४६८	७३.३९	*कुल जनसङ्ख्याको प्रतिशत*
२	आर्थिक रूपले सक्रिय जनसङ्ख्या	१,४७,७६३	५७.३९	*१० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको प्रतिशत*
३	अक्सर आर्थिक रूपमा सक्रिय जनसङ्ख्या	१,२९,३९२	५०.२६	
४	कहिले काहि आर्थिक रूपमा सक्रिय जनसङ्ख्या	१८,३७१	७.१४	
५	आर्थिक रूपले निष्कृय रहेको जनसङ्ख्या	१,०८,४२८	४२.११	
६	रोजगारदाता (Employer)	२,०७४	०.८१	
७	तलब ज्यालामा काम गर्ने/जागिरे/कामदार (Employee)	२६,९१४	१०.४५	
८	स्व-रोजगार (Self-Employee)	९४,५३२	३६.७२	
९	बेतलबी पारीवारीक सहयोगी (Unpaid Family Workers)	१,५६९	०.६१	
१०	वाल आश्रित अनुपात	-	६९.८२	
११	बृद्ध आश्रित अनुपात	-	११.५५	
१२	कुल आश्रित अनुपात	-	८१.३७	

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि.।

तालिका नं. १.२४ उमेर समूह अनुसार आर्थिक सक्रियता दर (१० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्यामा)

उमेर समूह	आर्थिक सक्रियता दर (प्रतिशत)		
	पुरूष	महिला	दुबै
१०-१४	६१.०८	५४.२४	५७.३९
१५-१९	७.८५	८.२६	८.०५
२०-२४	२६.८३	२८.३६	२७.६३
२५-२९	६७.२९	६१.००	६३.५७
३०-३४	९०.३९	७६.८९	८२.१३
३५-३९	९७.०५	८१.३५	८७.९३
४०-४४	९६.९५	८१.९७	८८.६८
४५-४९	९८.३४	८१.११	८९.१७
५०-५४	९६.७०	७९.१२	८७.५१
५५-५९	९५.०२	७९.८७	८७.३८
६०-६४	९३.२६	७३.७७	८३.५२
६५-६९	८५.८१	६०.६७	७२.५९
७०-७४	७७.२५	४६.८९	६१.९१
७५-७९	५८.५०	२७.८७	४२.९९

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि.।

तालिका नं. १.२५ १० वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याले १ वर्ष (जनगणना भन्दा अगाडीको) मा गरेको आर्थिक क्रियाकलाप

क्र.सं.	आर्थिक क्रियाकलाप	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	कृषी/आफ्नै खेतीपाती	१,०७,१६०	५९.४६	४७,१९७	५६.११	५९,९६३	६२.४०
२	तलब/ज्याला	३७,६४१	२०.८९	२९,१६९	३४.६८	८,४७२	८.८२
३	आफ्नै गैह्कृषी व्यावसाय	२९,६२६	१६.४४	१५,१३२	१७.९९	१४,४९४	१५.०८
४	विस्तारित आर्थिक काम	३०,९९०	१७.२०	११,७७४	१४.००	१९,२१६	२०.००
५	कामको खोजी	११,२५०	६.२४	८,४७७	१०.०८	२,७७४	२.८९
६	घरधन्दा	८५,८८०	४७.६६	१४,३२६	१७.०३	७१,५५४	७४.४६
७	अध्ययन	८६,६५३	४८.०८	४३,९९२	५२.३०	४२,६६१	४४.३९
८	कुनै काम नगरेको	२४,७६९	१३.७४	१२,५०६	१४.८७	१२,२६३	१२.७६
१०	नखुलेको	१,२७८	०.७१	६०८	०.७२	६७०	०.७०
	जम्मा	१,८०,२०९	१००	८४,११०	१००	९६,०९९	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

तालिका नं. १.२६ रोजगार जनसङ्ख्याको रोजगारीको स्थिति

क्र.सं.	रोजगारीको स्थिति	जम्मा		पुरूष	महिला
		सङ्ख्या	प्रतिशत		
१	रोजगारदाता (Employer)	२,०७४	१.६२	१,३४६	७२८
२	तलब ज्यालामा काम गर्ने/जागिरे/कामदार (Employee)	२६,९१४	२१.०३	२०,७८७	६,१२७
३	स्व-रोजगार (Self-Employee)	९४,५३२	७३.८६	४२,१२४	५२,४०९
४	बेतलबी पारीवारीक सहयोगी (Unpaid Family Workers)	१,५६९	१.२३	४९२	१,०७६
५	नखुलेको	२,९०५	२.२७	१,२९८	१,६०८
	जम्मा	१,२७,९९४	१००	६६,०४६	६१,९४८

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

तालिका नं. १.२७ अक्सर आर्थिक सक्रिय जनसङ्ख्याको रोजगारीको क्षेत्र (Major Industry)

क्र.सं.	रोजगारीको स्थिति	जम्मा		पुरूष	महिला
		सङ्ख्या	प्रतिशत		
१	कृषि वन तथा माछापालन	८६,८६०	६७.८६	३७,९०७	४८,९५३
२	थोक तथा खुद्रा ब्यापार	८,७६३	६.८५	४,८६८	३,८९५
३	औद्योगिक उत्पादन	५,३६६	४.१९	३,७८१	१,५८५
४	शिक्षा	५,२९६	४.१४	३,४५०	१,८४६
५	निर्माण	४,७६९	३.७३	४,२३६	५३३

क्रमसः.....

क्र.सं.	रोजगारीको क्षेत्र	जम्मा		पुरूष	महिला
		सङ्ख्या	प्रतिशत		
६	निजी घरपरिवारमा रोजगारी	२,७३६	२.१४	१,००७	१,७२९
७	यातायात, भण्डारण र सञ्चार	२,४६४	१.९३	२,४००	६४
८	सार्वजनिक प्रशासन र सामाजिक सुरक्षा	२,२८७	१.७९	१,९२९	३५८
९	अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा	२,१९२	१.७१	१,६९८	४९४
१०	होटल तथा रेष्टरन्ट	२,१७२	१.७०	१,२८२	८९०
११	स्वास्थ्य तथा सामाजीक सेवा सम्बन्धी क्रियाकलाप	९४०	०.७३	६६०	२७९
१२	खानी तथा खनिज	८०८	०.६३	४३७	३७१
१३	प्रशासनिक तथा सेवा सम्बन्धो कियाकलापहरू	६६८	०.५२	५२३	१४५
१४	वित्तिय ब्यवस्थापन	५९८	०.४७	४०५	१९२
१५	प्राध्यापक, वैज्ञानिक तथा प्राविधिक क्रियाकलि	३४१	०.२७	२९२	४८
१६	सूचना तथा सञ्चार	३२३	०.२५	२५७	६६
१७	पानि तथा फोहर ब्यवस्थापन	११५	०.०९	९०	२४
१८	कला, मनोरञ्जन तथा रचना सम्बन्धी क्रियाकलाप	११५	०.०९	८२	३३
१९	घरजग्गा, भाडा र ब्यापार	८१	०.०६	७३	८
२०	विद्यत तथा ग्यास	६५	०.०५	४८	१७
२१	अन्तर्राष्ट्रिय संघसंस्था	५०	०.०४	५०	०
२३	नखुलेको	९८७	०.७७	५६९	४१७
	कुल जम्मा	१,२७,९९४	१००	६६,०४६	६१,९४८

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

तालिका नं. १.२८ रोजगारीमा सँलग्न जनसङ्ख्याको मूख्य पेशा वा काम (Major Occupation)

क्र.सं.	पेशा (Occupation)	जम्मा		पुरूष	महिला
		सङ्ख्या	प्रतिशत		
१	कृषि, मत्छय तथा वन सम्बन्धी दक्ष कामदार	८५,२८३	६६.६३	३६,८१८	४८,४६४
२	सेवा तथा विक्रि कामदार	१०,८४९	८.४८	६,५५९	४,२९०
३	औजार र सम्बन्धीत सामानका विक्रि कामदार	९,३२१	७.२८	७,५२७	१,७९४
४	प्राथमिक पेशाकर्मी	८,३२०	६.५	४,९०५	३,४१५
५	पेशाविद्	५,२७३	४.१२	३,४२४	१,८४९
६	प्राविधिक तथा सहायक विज्ञहरू	२,४१९	१.८९	२,०२४	३९५
७	यन्त्र र मेशिन सञ्चालन तथा एसेम्बलर्स	१,८२९	१.४३	१,७४१	८८
८	व्यवस्थापक	१,७८५	१.३९	१,०४३	७४२
९	कार्यालय सहायक	१,५५५	१.२१	१,१९६	३५९
१०	सशस्त्र शैनिक	४४२	०.३५	३०९	१३३
११	पेशा नखुलेको	९१८	०.७२	५०१	४१७

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

तालिका नं. १.२९ आर्थिक रूपले सक्रिय उमेरका जनसङ्ख्या आर्थिक रूपमा निष्क्रिय हुनुका कारणहरू

क्र.सं.	पेशा (Occupation)	जम्मा		पुरूष		महिला	
		सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत	सङ्ख्या	प्रतिशत
१	अध्ययन	८६,४४८	६८.१८	४३,५९६	८५.५२	४२,८५२	५६.५२
२	घरधन्दा	२८,४४३	२२.४३	२,१७४	४.२६	२६,२६८	३४.६५
३	बृद्धावस्था	६,००४	४.७४	२,२७७	४.४७	३,७२७	४.९२
४	पेन्सन/आयस्ता	१,२७१	१.००	८४८	१.६६	४२३	०.५६
५	अपाङ्गता	१,१३४	०.८९	६२१	१.२२	५१३	०.६८
६	दिर्घरोगी	१,४४४	१.१४	६७६	१.३३	७६८	१.०१
७	अन्य	९४३	०.७४	४७८	०.९४	४६६	०.६१
८	नखुलेको	१,११२	०.८८	३०९	०.६१	८०३	१.०६
	जम्मा	१,२६,७९९	१००	५०,९७९	१००	७५,८२०	१००

स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

चित्र नं. ९ आर्थिक रूपले सक्रिय उमेरका जनसङ्ख्या आर्थिक रूपमा निष्क्रिय हुनुका कारणहरू (प्रतिशत)



स्रोत : राष्ट्रिय जनगणना २०६८ , के.त.वि. ।

सुर्खेत जिल्लामा एकातिर कृषिमा सँलग्न जनसङ्ख्या विस्तारै घट्दै गईरहेको छ भने अर्कोतिर उद्योग प्रतिष्ठानहरूमा क्षेत्र विस्तारै बढिरहेको देखिन्छ । १० वा सो भन्दा बढि व्यक्तिहरूलाई प्रत्यक्ष रोजगारी सृजना गरि सञ्चालनमा रहेका उत्पादनशिल ठुला उद्योग प्रतिष्ठानहरूको आर्थिक क्रियाकलापहरूको आँकडा निकाल्नको लागि केन्द्रीय तथ्याङ्क विभागले प्रत्येक ५/५ वर्षमा राष्ट्रिय औद्योगिक गणना सञ्चालन गरी नतिजा प्रकाशन गर्ने गर्दछ। सुर्खेत जिल्लामा वि.स. २०६४ मा १० जना भन्दा बढि व्यक्तिहरूलाई प्रत्यक्ष रोजगारी सृजना गरि सञ्चालनमा आएका उत्पादनशिल ठुला उद्योग प्रतिष्ठानहरूको सङ्ख्या १९ मात्र रहेकोमा वि.स. २०६९ मा आईपुग्दा यो सङ्ख्या बढेर ३५ पुगेको देखिन्छ। राष्ट्रिय -

औद्योगिक गणनाबाट प्राप्त सुर्खेत जिल्लाका उत्पादनशिल ठुला उद्योग प्रतिष्ठानसँग सम्बन्धित केहि प्रमूख सूचकहरू तलका तालिकाहरूमा प्रस्तुत गरिएको छ।

तालिका नं. १.३० सुर्खेत जिल्लामा १० वा सो भन्दा बढि व्यक्तिलाई रोजगारी दिने उत्पादनशिल ठुला उद्योग प्रतिष्ठान (Manufacturing Industries) सम्बन्धी केही सूचकहरू

क्र.सं.	विवरण	एकाई	मान	
			२०६४	२०६८
१	उद्योग प्रतिष्ठानको सङ्ख्या (No. of Establishments)	सङ्ख्या	१९	३५
२	व्यक्तिगत उद्योग प्रतिष्ठान	सङ्ख्या	१९	३१
३	साझेदारी उद्योग प्रतिष्ठान	सङ्ख्या	-	३
४	पब्लिक लिमिटेड उद्योग प्रतिष्ठान	सङ्ख्या	-	१
५	कुल रोजगारी (No. of Persons Engaged)	सङ्ख्या	२९३	१,६४६
६	तलबी कामदारको सङ्ख्या (Number of Employees)	सङ्ख्या	२५८	१,४८२
७	तलब/ज्याला/सुविधा रकम (Wages/ Salaries and other benefits)	रू.हजारमा	७,६२७	३१,८३७
८	मौज्दातमा परिवर्तन (Change in Stocks at End of the Year)	रू.हजारमा	७९,८८४	११,५५०
९	स्थिर सम्पत्तिमा (Gross Addition to Fixed Assets)	रू.हजारमा	४०३	५,०२७
१०	कुल स्थिर सम्पत्ति (Gross Fixed Assets at End of the Year)	रू.हजारमा	१३,५६२	२,०९,९५५
११	कुल लगानी (Gross Input)	रू.हजारमा	४५,१३०	७९,८८७
१२	कुल प्रतिफल (Value of Output)	रू.हजारमा	५८,६०४	१,३६,५९८
१३	मूल्य अभिबृद्धि (Total Value Added)	रू.हजारमा	१३,४८८	५६,७११
१४	प्रतिफल र लगानीको अनुपात (Output-Input Ratio)	प्रतिएकाई लगानीको प्रतिफल	१.३०	१.७१

स्रोत : राष्ट्रिय औद्योगिक गणना २०६४ र २०६९ (Census of Manufacturing Establishment 2006 & 2012), के.त.बी.।

तालिका नं. १.३१ नेपाल औद्योगिक व्यावसाय वर्गिकरण (NSIC) अनुसार सुर्खेत जिल्लाका उद्योग प्रतिष्ठानहरूको विवरण

NSIC	उद्योग प्रतिष्ठानको वर्गिकरण	प्रतिष्ठान सङ्ख्या	कुल रोजगारी	तलब/ज्याला सुविधा रकम	मौज्दात परिवर्तन	स्थिर सम्पत्तिमा बृद्धि	कुल स्थिर सम्पत्ति	कुल लगानी	कुल प्रतिफल	मूल्य अभिबृद्धी	प्रतिफल र लगानीको अनुपात
				रकम रू. हजारमा							
१०	खाद्य उत्पादन सम्बन्धी	१									
११	पेय पदार्थ उत्पादन सम्बन्धी	२									
१३	कपडा उत्पादन समबन्धी	१									
१४	तयारी पोशाक निर्माण	७	७२	४,८६३	६९४	२५०	९३,४८०	५,२१८	१३,००४	७,७८६	२.४९
१६	काठ चिरान तथा काठका फर्निचर उत्पादन सम्बन्धी	८	८१	५,१०३	७,२९४	२,३६०	४५,९७६	४३,९००	५५,५४६	११,६४६	१.२७
१७	कागज उत्पादन	१									
१८	छापाखाना सम्बन्धी	१									
२२	प्लाष्टिक तथा रबरका सामग्री उत्पादन	१									
२३	इट्टा उद्योग	८	२००	१३,४७०	७१५	१,०५१	४०,१३३	८,५१५	२७,९४७	१९,४३२	३.२८
२५	फलामजन्य धातुका सामग्री उत्पादन	१									
२७	विद्युतिय उपरकण उत्पादन सम्बन्धी	१									
३१	स्टिल फर्निचर उत्पादन सम्बन्धी	३	३७	३,०९८	४३९	२५४	१,१३४	४,८०२	१०,३३१	५,५२९	२.१५
	जम्मा	३५	४९०	३१,८३७	११,५५०	५,०२७	२,०९,९५५	७९,८८७	१,३६,५९८	५६,७११	१.७१

नोटः १. राष्ट्रिय औद्योगिक गणना २०६९ को सन्दर्भ अवधिभित्र सञ्चालनमा नआएका उद्योग प्रतिष्ठानहरू सूचिकरण भएपनि तथ्याङ्क विश्लेषणमा समाबेश छैनन् ।

